

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १६ गते सोमबार ❑ 30 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आगामी आवको बजेट : १७ खर्ब ९३ अर्ब ८३ करोड, यस्ता छन् पछिल्ला छ वर्षको बजेट

**रासस**
**काठमाडौं, १५ जेठ**

सरकारले कूल रु १७ खर्ब ९३ अर्ब ८३ करोड बजेट ल्याएको छ । अर्थमन्त्री जनार्दन शर्माले आइतबार सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेट चालु आवको भन्दा ठूलो हुने गरी प्रस्तुत गर्नुभएको हो ।



अर्थमन्त्री शर्माका अनुसार बजेटमा चालुतर्फ कूल रु सात खर्ब ५३ अर्ब ४० करोड अर्थात् ४२ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड अर्थात् २१.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२.८ प्रतिशत बराबर रहने गरी प्रबन्ध गरिएको छ । त्यस्तै स्थानीय र प्रदेश सरकारलाई वित्तीय अनुदान हस्तान्तरणतर्फ रु चार खर्ब २ ९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत बराबरको बजेट प्रबन्ध गरिएको छ ।

सरकारले राजस्वबाट रु १२ खर्ब ४० अर्ब ११ करोड बराबर जोहो गर्ने छ । यस्तै वैदेशिक अनुदानबाट रु ५५ अर्ब ४६ करोड, वैदेशिक ऋणबाट रु दुई खर्ब ४२ अर्ब २६ करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब ५६ अर्ब बराबरको आन्तरिक ऋणबाट जोहो गर्नेछ ।

सरकारले चालु आवमा रु १६ खर्ब ४७ अर्ब ५७ करोड बराबरको बजेट प्रस्तुत गरेको थियो । त्यसमा सङ्घले गर्ने खर्च रु छ खर्ब ७८ अर्ब ६१ करोड बराबर थियो । त्यस्तै पूँजीगततर्फ रु तीन खर्ब ७४ अर्ब २६ करोड अर्थात् २२.७ प्रतिशत बराबर थियो । त्यस्तै वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब सात अर्ब ९७ करोड बराबर थियो । त्यस्तै प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८६ अर्ब ७१ करोड बराबर उपलब्ध गराइएको थियो ।

त्यस्तै आव २०७७/७८ मा कूल रु १४ खर्ब ४४ अर्ब ६४ करोड बराबरको बजेट प्रस्तुत गरिएको थियो । सो बजेटमा चालुतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड अर्थात् ६४.४ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ९१ करोड अर्थात् २३.४ र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७२ अर्ब ७९ करोड ११.७ बराबरको व्यवस्था गरिएको थियो । त्यसतर्फ राजस्वबाट रु आठ खर्ब ८९ अर्ब ६२ करोड, वैदेशिक ऋणबाट रु दुई खर्ब ९९ अर्ब ५० करोड, आन्तरिक ऋणबाट रु दुई खर्ब २५ अर्ब बराबरको व्यवस्था गरिएको थियो । आव २०७६/७७ मा कूल रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख बराबरको बजेट ल्याइएको थियो । त्यसतर्फ चालु खर्चतर्फ रु नौ खर्ब ५७ अर्ब १० करोड १४ लाख अर्थात् ६२.४ प्रतिशत, पूँजीगततर्फ रु चार खर्ब आठ अर्ब ५९ लाख अर्थात् २१.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख अर्थात् ११ प्रतिशत बराबरको व्यवस्था गरिएको थियो ।

त्यसमा राजस्वबाट रु नौ खर्ब ८१ अर्ब १३ करोड ८३ लाख, वैदेशिक अनुदानबाट रु ५७ अर्ब ९९ करोड ५५ लाख, वैदेशिक ऋणबाट रु दुई खर्ब ९८ अर्ब ८३ करोड ३३ लाख र आन्तरिक ऋणबाट रु एक खर्ब ९५ अर्ब बराबरको जोहो गरिने प्रबन्ध गरिएको थियो ।

सरकारले आव २०७५/७६ मा कूल रु १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख बराबरको बजेट प्रस्तुत गरेको थियो । त्यस आवको बजेटमा चालुतर्फ रु आठ खर्ब ४५ अर्ब ४४ करोड ७५ लाख अर्थात् ६४.३ प्रतिशत, पूँजीगत खर्चतर्फ रु तीन खर्ब १३ अर्ब ९९ करोड ८२ लाख अर्थात् २३.९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ५५ अर्ब ७१ करोड ६० लाख अर्थात् ११.८ बराबरको व्यवसथा गरिएको थियो । त्यस आवमा राजस्वबाट रु आठ खर्ब ३१ अर्ब ३१ करोड ८० लाख, वैदेशिक अनुदानतर्फ रु ५८ अर्ब ८१ करोड ५५ लाख, वैदेशिक ऋणतर्फ रु दुई खर्ब ५३ अर्ब दुई करोड ८२ लाख र आन्तरिक ऋणबाट रु एक खर्ब ७२ अर्ब बराबर जोगाड गरिएको थियो ।

आव २०७४/७५ मा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## वेपत्ता भएको विमान खोज्न हेलिकोप्टरमा गएको टोली फर्कियो

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

वेपत्ता भएको विमान हेलिकोप्टरको सहायताले मुस्ताङका केही स्थानमा खोज्दा पनि भेटाउन नसके पछि टोली फर्किएको छ ।

आइतबार पोखरा विमानस्थलबाट बिहान ९:५५ बजे उडेको तारा एयरको ९ एनएईटी ट्विनअटर विमान हालसम्म सम्पर्कविहीन भए पनि खोजी कार्यमा हेलिकोप्टर सहितको टोली जुटे पनि भेटाउन नसके पनि टोली फर्किएको पोखरा विमानस्थलका प्रमुख बिक्रम गौतमले बताए ।



आइतबार प्रतिकुल मौसमका कारण खोजी कार्यमा निकै कठिनायी भएको उनले जनाए । उडेको केही समय पश्चात पोखरा विमानस्थलबाट सम्पर्क हुन नसकेको प्रमुख गौतमले जनाए । वेपत्ता भएको उक्त विमानका खोजि गर्न नेपाली सेना र फिस्टेल एयरको हेलिकोप्टरले केही घण्टा मुस्ताङको टुकुचे, पासाङ, खसाङ लगायतको क्षेत्रमा अवलोकन गरे पनि केही पत्ता लगाउन नसकिएको कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताए । उनका अनुसार उक्त विमानका पाइलट प्रभाकर घिमिरेको मोवाइलमा घण्टी गए पनि फोन भने उठ्न सकेको छैन । टुकुचेदेखि करिब ५ सय मिटर वरीपरिको कुनै भागमा उक्त विमान हुन सक्ने मोवाइलको नेटवर्कले देखाएको प्रजिअ आचार्यको भनाई छ । आइतबार हेलिकोप्टरबाट वेपत्ता विमानको खोजी गर्दा माथिल्लो भागमा प्रतिकुल मौसम बादल सहितको कुहिरो भएको कारणले गर्दा खोजी कार्यमा कठिन भएको उनले जनाए । उक्त विमानको खोजी कार्यमा पैदल हुदै ६५ जनाको एक टोली खटिएको प्रजिअ आचार्यले जनाए । नेपाल प्रहरी, नेपाली सेना, सशत्र प्रहरी बल सहितको टोली वेपत्ता भएको विमानको खोजिमा लागेका हुन् । विभिन्न संचार माध्यम तथा सामाजिक संजालमा वेपत्ता भएको विमान दुर्घटना भएको अबस्थामा भेटिएको भन्ने गलत सन्देश प्रवाह भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले बताए । हालसम्म उक्त विमानको बारेमा र विमानमा सवार यात्रु सहितका चालक दलका व्यक्तिहरुको समेत अबस्था अन्यौल भएको उनले जनाए । प्रतिकुल मौसमका कारण आइतबार केही घण्टा पोखरा विमानस्थलबाट हेलिकोप्टर मार्फत वेपत्ता विमानको खोजि कार्य गर्न नसकिएको प्रजिअ शर्माले जनाए । मुस्ताङको लेतेबाट उक्त विमान डाइभर्ड भएको हुन सक्ने आशंका गरिएको छ । हवाई मार्ग हुदै उक्त विमानको खोजी कार्य पुनः सोमबार विहानै बाट हुने आइतबारको लागि अध्यारो भएकोले गर्दा स्थगित भएको शर्माले जनाए ।

उक्त बिमानको चालकमा क्या. घिमिरे, विमान परिचालिका किस्मी थापा र विमानका अर्को एक सदस्य इस्सव पोखरेल रहेको पोखरा विमानस्थलको कार्यालयले जनाएको छ । उक्त विमानमा १९ जना यात्रु ३ जना चालक दलका सदस्य रहेका थिए । उक्त जहाजमा १६ नेपाली र भारतीय नागरिक सहित ६ जना विदेशी रहेको खुलेको छ । विमानमा इन्द्र बहादुर गोले, पुरुषेत्तम गोले, राजन कुमार गोले, मिक ग्र्याट, बसन्त लामा, गणेश नारायण श्रेष्ठ, रवीना श्रेष्ठ, रस्मी श्रेष्ठ, रोजिना श्रेष्ठ, प्रकाश सुनुवार, मकर बहादुर तामाङ, राममाया तामाङ, सुकुमाया तामाङ, तुल्सादेवी तामाङ, अशोक कुमार त्रिपाठी, धनुष त्रिपाठी, ऋतिका त्रिपाठी, युवी विल्नर र वैभवी बाण्डेकर सवार थिए ।

## जनप्रतिनिधिहरुले शासक नभई सवेकको भुमिकामा आफुलाई स्थापित गर्न आवश्यक छ : मन्त्री विश्वकर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्रि डोबटे विश्वकर्माले जनप्रतिनिधिहरुले शासक नभई सवेकको भुमिकामा आफुलाई स्थापित गर्न आवश्यक रहेको बताउनुभएको छ ।



जेठ १५ गते गणतन्त्र दिवसको सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र सामाजिक विकास कार्यलय कास्कीको संयुक्त आयोजनामा गणतन्त्रको संस्थागत विकास, कार्यन्वयको अवस्था,चुनौती र सरोकारवालको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम बोल्दै उहाँले जनप्रतिनिधिहरुलाई सचेत गराउन नागरिकहरुको खवरदारी आवश्यक रहेको बताउनुभयो ।

उहाँले गणतन्त्र स्थापनापछि नागरिकहरुले स्वतन्त्र रुपमा राजनीतिक अधिकारको अनुभूत गर्न पाएको बताउनुभएको छ ।

युवापंक्तिमा बढ्दो वितृष्णालाई चिर्न दलहरुले युवाका भावनालाई समेट्ने गरि योजना र कार्यक्रम ल्याउन आवश्यक रहेको भनाई राख्नुभयो । केन्द्रको अभ्यासलाई अध्ययन गर्नका लागी प्रदेश सरकारले पूर्व पधादिकारीको सेवा सुविधाबारे छलफल गर्न समिति मात्रै गठन गरेको उहाँले प्रष्ट पार्नुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत मोहन काफ्लेले शासन संचालन गर्ने पात्र सहि हुन सकेमा मुलुकले सहि दिशा लिन सक्ने बताउनुभयो । गणतन्त्र स्थापना लामो समयसम्म पनि नागरिकहरुले त्यसको अनुभूत गर्न नसकेका उहाँको भनाई थियो । शान्तीको लागी नागरिक समाजको सन्जाल कास्की अध्यक्ष विना सिलवालले पूर्व पदाधिकारीहरुलाई सेवा सुविधा दिने गरि गण्डकी प्रदेश सरकारले ल्याउन लागेको विधयेक गणतन्त्रको मूल्य मान्यता विपरित रहेको भनाई राख्नुभयो ।

उहाँले संविधानमा रहेको समावेशिताको मर्म विपरित स्थानीय तहको निर्वाचनमा दलहरुले उम्मेदवार छनौट गरिएको भन्दै दलहरु सच्चिन आवश्यक रहेको बताउनुभयो । चर्को मूल्यवृद्धिका कारण साधारण नागरिकहरु मारमा रहेको उल्लेख गर्दै जनताको घरसम्म गणतन्त्र अझै आउन नसकेको उहाँको भनाई थियो । गैरसरकारी संस्था महासंघ केन्द्रिय सदस्य विजय प्रधान न्याय कसले पाउने भन्ने विषय उठाउन आवश्यक रहेको छ । स्थानीय तहदेखी केन्द्र सरकारसम्म न्यायिक प्रक्रिया प्राथमिकता नपरेको भन्दै गण्डकी प्रदेश सरकारले ल्याउन लागेको पूर्व पदाधिकारीलाई सेवा सुविधा दिन विधेयक खारेजको आवश्यकता रहको उल्लेख गर्नुभयो । शान्तिका लागि नागरिक समाजको सञ्जालका पूर्व अध्यक्ष विष्णु वराालले गणतन्त्रको मर्म र भावनलाई राजनीतिक दलहरुले आत्मसाथ गर्न नसकेको बताउनुभयो । उहाँले पाँच वर्ष कै अवधिमा प्रदेश सरकार खारेज गर्नुपर्ने माग गरिनुले संघियताको संस्थागत विकास हुन नसक्ने भनाई राख्नुभयो । राजनीतिक दलका नेतृत्वको नियत सहि नभएका कारण राज्यका स्रोत साधनलाई सहि सदुपयोग हुन नसकिरहेको उहाँको भनाई थियो । डिडा नेपालका गिरधारी सुवेदी राजनीतिक दललाई गणतन्त्रको मर्मलाई बुझाउन नागरिक समाजले दवाब दिन आवश्यक रहेको बताउनुभयो ।

इन्सेक गण्डकी संयोजक शिव खकुरेलले गणतन्त्र स्थापनापछि मुलुकमा विधि र पद्धतीको स्थापीत हुने नागरिकहरुको विश्वास गुम्दै गएको बताउनुभयो । संविधान प्रदत्त मौलिक अधिकार उपभोग गर्नबाट बञ्चित बन्नुले गणतन्त्रात्मक शासन व्यबस्थामा प्रति नागरिकहरुको वितृष्णा बढेको उहाँको भनाई थियो ।


संघियता स्थापनाको पाँच वर्षमा देखिएको राजनीतिक अस्थिरताले पनि गणतन्त्रमा चुनौति थपिएको उहाँले बताउनुभयो । पहुँच विहिनहरुको न्याय पाउने अवस्था अझैपनि नरहेको भन्दै पहुँच र पैसाको भरमा न्यायिक प्रक्रिया अगाडी बढ्नुले सामान्य नागरिकहरुले गणतन्त्रको अनुभूत गर्न नसकिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारको औचित्यमाथी नागरिक तहबाट प्रश्नउठिरहेकाबेलापूर्वपदाधिकारीहरूलाई सेवा सुविधा दिने गरि गण्डकी प्रदेश सरकारले विधेयक ल्याउन खोज्नुले संघियता प्रति नागरिकहरुमा वितृष्णा पैदा गराएको उहाँको भनाई थियो । कार्यक्रममा अधिवक्ता गिरधारी सुवेदीले गणतन्त्रको अभ्यास र नेपाल विषयक कार्यपत्र प्रस्तुत गर्दै गणतन्त्रलाई स्थागत गराउन राजनीतिक दल र नागरिक सबैको भुमिका महत्वपूर्ण रहने भनाई राख्नुभयो ।

## टिपर दुर्घटना हुँदा घटनास्थलमै चारको मृत्यु

**पोखरापत्र संवाददाता**
**लमजुङ, १५ जेठ**

लमजुङ मध्यनेपाल नगरपालिकामा टिपर दुर्घटना हुँदा घटनास्थलमै चालकसहित चार जनाको मृत्यु भएको छ ।

मध्यनेपालस्थित भोर्लेटारबाट आइतबार दिउँसो साढे तीन बजेतिर सोही पालिकाको वडा नं ७ तर्फ आउँदै गरेको बा४ख ७७८१ नंको टिपर सोही वडाको सेतीखोला नजिकै खस्दा चालकसहित चारजना पुरुषको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश रेग्मीले बताउनुभयो । उहाँले भन्नुभयो, "मध्यपहाडी लोकमार्गको उक्त टिपर सोही मार्ग निर्माणका लागि ढुङ्गा लोड गरेर ल्याउने क्रममा बाटो साँघुरोका कारण सडकबाट ३० मिटर तल खसेको छ ।" प्रहरीका अनुसार तीन जनाको सोही टिपरले च्यापिएर मृत्यु भएको छ । मृतक चार जनाकै शरीरको विभिन्न स्थानमा चोट लागेर मृत्यु भएको छ ।

# स्याङ्जामा 'ईको भिलेज' र 'हरित रोजगार' कार्यक्रम

प्रकाश डाटेल
स्याङ्जा, १५ जेठ

पुतलीबजार नगरपालिका भित्रका ३ वटा पर्यटकीय क्षेत्रमा 'ईको भिलेज' स्थापना र 'हरित रोजगार' सृजना गरिने भएको छ। तरकारी तथा पशुपालनलाई प्राथमिकता दिएर खाद्य वस्तुको आवश्यकतालाई स्थानीयस्तरमा परिपूर्ति गरी होमस्टेमा स्थानीय खानाको प्रबर्द्धन गर्ने उद्देश्यले ईको भिलेजको स्थापना गरिने भएको हो।

पालिकाभित्र ५० हजार सुन्तलाका बिरुवा वितरणसहित ३ सय रोपनी बाँझो जग्गामा समेत हरित उद्यम सृजना गरिने भएको छ। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) र पुतलीबजार नगरपालिकाको साझेदारी, आर्थिक तथा प्राविधिक सहयोगमा पालिकामा हरित पुर्नरुत्थान तथा (कोभिड-१९) प्रतिकार्य पहल परियोजना अर्न्तगत उक्त कार्यक्रम गरिने भएको छ। परियोजनाले २ सय ९५ दक्ष नर्सरी व्यवस्थापक तयार गरी ५ लाख बिरुवा उत्पादन गरेर २ हजार मेट्रीक टन तरकारी उत्पादन गर्ने लक्ष्य लिएको



छ। साथै, २५ वटा टनेल, २५ वटा ग्रीन हाउस, ५ वटा गड्यौला मल बनाउने केन्द्रसमेत स्थापना गर्ने लक्ष्य लिएको छ। विगत ३ वर्षदेखि परियोजनाले पुतलीबजारमा काम गर्दै आएको छ। पालिकाका १४ वटै वडामा कार्यक्रम संचालनमा रहेको छ। (कोभिड-१९) को महामारीबाट नगरमा सामाजिक र आर्थिक रुपमा गम्भिर प्रभावित बिशेषगरी महिला, युवा, अशक्त व्यक्तिको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले परियोजनाले लक्षित समुहमा काम गर्दै आएको छ। पुतलीबजार नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधीलाई हरित पुर्नरुत्थान परियोजनाका बारेमा जानकारी गराउँदै कृषकलाई उद्यमशिलता र प्राविधिक ज्ञान बृद्धि गर्नु मुख्य लक्ष्य रहेको संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम गण्डकी तथा लुम्बिनी प्रदेश प्रमुख सुदीप अर्यालले बताए। उनका अनुसार उत्पादित वस्तुको बजारीकरण, आधुनिक उपकरणको प्रयोगसँगै नयाँ सोचसहित व्यवसायमा संलग्न गराई महिला तथा सिमान्तकृत वर्गलाई हरित रोजगारी मार्फत समाजिक प्रगती र आर्थिक बृद्धि सुनिश्चितता गर्ने परियोजनाको लक्ष्य छ।

हरित पुर्नरुत्थान परियोजनालाई नगरका कृषकको रुची र भुगोल अनुरुप मौसमी तथा बेमौसमी कृषि व्यवसायमा आकर्षण बढाई आर्थिकोपार्जनमा टेवा पुऱ्याउने नगरप्रमुख तुलसीराम रेग्मीले बताए। "कृषकको उत्पादन र उत्पादित कृषि उपजको बजारीकरणको जिम्मेवारी नगरपालिकाले लिनेछ।" उनले भने, "कृषि एम्बुलेन्सको तत्काल व्यवस्था गरी कृषकको उत्पादनलाई उचित मूल्य हामी उपलब्ध गराउने छौं।"

परियोजना अन्तर्गत कृषि उत्पादन र पशुधन, उद्यम विकास, उद्यमशीलता, व्यवसाय प्रबर्द्धन तथा नवप्रर्वतन केन्द्रको स्थापना, जीविकोपार्जन सुधारका लागि ईको टुरिजम प्रबर्द्धन, प्रशोधन केन्द्र निर्माण, कमजोर एवं विपन्न समुदायको लागि जीविकोपार्जनमा सुधार, माटो परिक्षण केन्द्र स्थापना लगाएतका काम गरिने कार्यक्रम संयोजक पुजा अर्यालले जानकारी दिईन्।

पुतलीबजार नगरपालिकाको झण्डै १ करोड ४३ लाख, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको १ करोड १६ लाख र अन्य श्रोतको १० लाख गरी करिब २ करोड ७० लाखको लागतमा परियोजना २०२३ मार्चसम्म संचालनमा रहनेछ। परियोजनाले स्याङ्जाको वालिङमा समेत विगत ३ वर्षदेखि काम गर्दै आएको छ।

# लेखनाथ उद्योग वाणिज्य संघद्वारा नवनिर्वाचित जनप्रतिनिधीहरुलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

पोखरा महानगरपालिकाका नवनिर्वाचित प्रमुख धनराज आचार्यले म भनेर होईन हामी भनेर पोखरा बनाउनु पर्ने बताएका छन्।

लेखनाथ उद्योग बाणिज्य संघले आइतवार नवनिर्वाचित जनप्रतिनिधीहरुको सम्मानमा राखेको स्वागत तथा बधाई कार्यक्रममा बोल्दै प्रमुख आचार्यले समग्र पोखरा उपत्यकाको विकासका लागि सामुहिक भावनाले अगाडी वढ्न आग्रह गर्दै पोखराको विकासका लागि निजी क्षेत्रसगँ सहकार्य गर्दै अगाडी वढ्ने बताएका हुन्। पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गराउदै यहाँ रहेका प्राकृतिक स्रोत र साधानको भरपुर रुपमा उपयोग गर्दै ग्रेटर पोखराको अवधारण अनुसार जनतामा विकासको प्रत्याभुती हुने खालका काम गरेर देखाउने प्रतिवद्धता समेत जनाएका छन्। पोखराको विकासका लागि पहिलो आवश्यकता लेण्डफिल्ड साईड निर्माण गरि पोखरा एयरपोट संचालनमा ल्याउने र लामेआहलमा बन्ने पोखरा वसपार्क देखि औधोगिक क्षेत्र निर्माण गर्ने योजना प्रथामिकतामा परेको बताएका थिए। साथै



प्रमुख आचार्यले पोखरा र लेखनाथ एकै ठाउँमा गापिय पनि मन र मुटुलाई सँगसगै जोड्न नसकिएको अवस्थामा पोखराको फेवाताल देखि बगेनासताल सम्म मेट्रेल संचालन र तालचोक देखि बेगनासतालसम्मको वाटो स्तरउन्नतीको काम तुरुन्त हुने पनि विश्वास दिलाएका थिए। सोही अवसरमा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले उत्पादकत्व बढाउने गरि भुमी बैकको अवधारणा अनुसार बाझो जग्गामा खेतीपाती गर्नका लागी कृषक प्रत्साहनका कार्यक्रमलाई अगाडी वढाउन निजी क्षेत्रको साथ सहयोगका लागि अपिल गरेका थिए। कार्यक्रममा मादी गाउँपालिकाका अध्यक्ष देविजंङ्ग गुरुङले मादी गाउँपालिकालाई कृर्षि, पर्यटन र विद्युतिकरणको माध्यमबाट अगाडी वढाउने योजना रहेको बताएका थिए।

यसै गरि सोही कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य एवं लेखनाथ उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष बावुराम गिरीले निजी क्षेत्र र स्थानीय निकायको सहकार्यमा स्वदेशमा नै रोजगारीका अवसरको सृजना गर्नका लागि उद्योग कलकारखाना स्थापना गरिनु पर्ने सुझाव राखेका थिए। कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले जनप्रतिनीधि र ब्यवसायीहरुको सहकार्यबाट मात्र आर्थिक समृद्धिको परिकल्पना गर्न सकिनेमा जोड दिएका थिए। उक्त अवसरमा रुपा र मादी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाअध्यक्षहरु र पोखरा महानगरपालिका वडा नं २६ देखि ३३ सम्मका वडाअध्यक्ष र वडासदस्यहरुलाई सम्मान गरिएको थियो।

संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु) ले संचालन गरेको कार्यक्रममा धन्यवाद ज्ञापन बरिष्ठ उपाध्यक्ष विनोद श्रेष्ठले गरेका थिए।

# नागरिकको जीवनस्तर परिवर्तन हुनुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

गणतन्त्र दिवसको अवसरमा गण्डकी प्रदेश सरकारद्वारा आयोजित विशेष समारोहमा व्यवस्था परिवर्तनसँगै नागरिकको जीवनस्तर परिवर्तन हुनुपर्नेमा जोड दिइएको छ।

नेपाली जनताको लामो संघर्षको उपलब्धिस्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास हुन आवश्यक रहेको बताउँदै कार्यक्रमका वक्ताले व्यवस्थासँगै नागरिको आर्थिक एवम् सामाजिक विकास भएमा मात्र त्यसको सार्थकता सिद्ध हुने बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्र केबल शासनप्रणालीका रुपमा मात्र नभई नागरिकको जीवनपद्धति र शैलीकारुपमा स्थापित गर्न सक्दा मात्रै आम नागरिकले लोकतन्त्रको सुखद अनुभूति गर्न पाउने बताउनुभयो। गणतन्त्र नेपाल घोषणा भएपछि सुशासन, द्रुततर आर्थिक, सामाजिक विकासलगायत सबै क्षेत्रमा सुन्दर, समृद्ध हुन्छ भन्ने आम नेपालीको अपेक्षा आंशिकरुपमा सम्बोधन भए पनि त्यो पूर्ण हुन नसकेको उहाँले बताउनुभयो।

"जबसम्म राजनीतिक परिवर्तनले जनताको दैनिक जीवन र राष्ट्रको समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दैन, तबसम्म राजनीतिक परिवर्तन स्वयं दिगो र संस्थागत हुन पनि सक्दैन", उहाँले भन्नुभयो। संघर्षका समयमा जनतासामु गरेका प्रतिवद्धता तथा वीर अमर शहीदका सपना साकार पार्नु सबैको सामूहिक दायित्व र कर्तव्य बनेको बताउँदै उहाँले हिजो संघर्षका दिनमा जस्तै हामी सबैबीच एकता, सहकार्य र सहमति हुनु आवश्यक भएकोमा जोड दिनुभयो।

गणतन्त्र दिवसले हामी सबैलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन र समृद्ध राष्ट्र निर्माणमा एकजुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने उहाँले कामना गर्नुभयो। हालै मुलुकमा आम जनताको उत्साहपूर्ण सहभागितामा स्थानीय तह निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु सबैका निमित्त खुशीको विषय भएको उल्लेख गर्दै उहाँले हालै सम्पन्न स्थानीय तहको निर्वाचनसँगै अब हुन गईरहेको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रको जगलाई संस्थागत र थप सुदृढ तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गनर्तुभयो।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक परिवर्तन गर्न नसके त्यसको कुनै अर्थ नहुने बताउनुभयो। व्यवस्थामा परिवर्तन आए पनि जनताको आकांक्षा अनुसार बढ्न नसकिएको वास्तविकतामा जनताका आवश्यकता तथा चाहनालाई सम्बोधन गर्ने गरी एकतावद्ध रुपमा लाग्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। व्यवस्था परिवर्तनमा दलहरूबीचमा देखिएको सहमति, सहकार्य र एकताको भावनालाई आत्मसात गर्दै आगामी दिनमा पनि त्यही भावनाका साथ अघि बढ्नु जरुरी रहेको उहाँले बताउनुभयो। गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले विसं २००७ सालदेखिको नेपाली जनताको चाहना र संघर्षको प्रतिफलस्वरुप गणतन्त्र दिवस मनाउने अवस्थामा पुगिएको बताउँदै यसको संस्थागत विकास आवश्यक भएको बताउनुभयो। जनताको आर्थिक, सामाजिक परिवर्तन हुन सकेमा मात्रै दिवसको सार्थकता रहने बताउँदै उहाँले सरकार तथा राजनीति दलहरू त्यसतर्फ लक्षित हुनुपर्ने बताउनुभयो।

आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्माले गणतन्त्र दिवस नेपाली जनताको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले लामो समयको संघर्षको प्रतिफलस्वरुप गणतन्त्र प्राप्त भएको बताउँदै जनतालाई यसको अनुभूति गराउन अझै धेरै काम बाँकी रहेको बताउनुभयो। जनताका अपेक्षालाई सम्बोधन गर्ने गरी एकतावद्ध प्रयास आवश्यक भएकोमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा प्रदेशमा उत्कृष्ट काम गर्ने कार्यालयसँगै विभिन्न कर्मचारीलाई पुरस्कृत गरिएको थियो। समारोहअघि पोखराको सहिद चोकस्थित पार्कमा माल्यार्पण गरि विभिन्न झाँकीसहितको ऱ्याली आयोजना गरिएको थियो।

# नि:शुल्क स्वास्थ्य जाँच कार्यक्रम



पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

पोखरा-९ स्थित पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेडले आफ्नो नियमित कार्यक्रम अन्तर्गत आइतबार निःशुक पाठेघरको मुखको क्यान्सर (प्याप स्मेयर) जाँच कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष हरि प्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अतिथि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्य विभाग प्रमुख प्याथोलोजिष्ट डा.लक्ष्मण वास्तोलाले कार्यक्रम सम्बन्धी प्रकाश पारेका थिए।। अझैपनि नेपालमा पाठेघर क्यानसरको समस्या धेरै देखिएको र प्रायः यस सम्बन्धी ज्ञान कम भएकोले उक्त कार्यक्रम सञ्चालन गरिएको कार्यक्रम संयोजक ध्रुव शर्माले बताए।

संस्थाका सह-सचिव महेश ज्ञवालीले सञ्चालन गरेको कार्यक्रममा सहकारी संस्थाद्वारा सञ्चालित पश्चिमाञ्चल सामुदायिक अस्पतालका वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. छममाया पुनले स्वास्थ्य जाँच गरेकी थिइन्। उक्त कार्यक्रममा ९७ जनाले स्वास्थ्य परिक्षण गरी स्वास्थ्य लाभ लिएको आयोजकले संस्थाले जनाएको छ। आगामी दिनहरुमा पनि संस्थाले यस किसिमका थप कार्यक्रमहरुलाई निरन्तरता दिइने संस्थाका उपाध्यक्ष अर्जुन ज्ञवालीले बताए।

# आगामी...

सरकारले रु १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजार बराबरको बजेट प्रस्तुत गरिएको थियो। त्यसतर्फ रु आठ खर्ब तीन अर्ब ५३ करोड १४ लाख ५४ हजार अर्थात् ६२.८, पूँजीगततर्फ रु तीन खर्ब ३५ अर्ब १७ करोड ५९ लाख ७० हजार अर्थात् २६.२ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ४० अर्ब २८ करोड ७४ लाख ३१ हजार बराबरको विनियोजन गरिएको थियो।

सरकारले राजस्वबाट रु सात खर्ब ३० अर्ब पाँच करोड ५५ लाख ७० हजार, वैदेशिक अनुदानबाट रु ७२ अर्ब १६ करोड ७६ लाख २८ हजार, वैदेशिक ऋणबाट रु दुई खर्ब १४ अर्ब तीन करोड ५४ लाख २९ हजार, आन्तरिक ऋणबाट रु एक खर्ब ४५ अर्ब, त्यस वर्षको मौज्दातबाट रु एक खर्ब दुई अर्ब ७३ करोड ६२ लाख २८ हजार बराबरको जोगाड गरिएको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# श्रोत सुनिश्चित नभएको बजेट

सरकारले आगामी आर्थिक बर्षका लागि १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री जनार्दन शर्माले आर्थिक वर्षको २०७९/०८० को सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सदनमा पौने तीन घण्टी लगाएर बजेट भाषण गरे । कूल विनियोजित बजेट मध्ये ७ खर्ब ५३ अर्ब ४० करोड छापूँजिगत खर्च ३ खर्ब ८० अर्ब ३८ करोड छावित्तीय व्यवस्थापन तर्फ २ खर्ब ३० अर्ब २२ करोड प्रदेश र स्थानीय तर्फ बजेट हस्तान्तरण ४ खर्ब२९ अर्ब ८३ करोड छाआगामी आव का लागि अनुमानित खर्च ब्यहोर्ने श्रोत मध्ये राजश्वबाट १२ खर्ब ४० अर्ब ११ करोड, वैदेशिक अनुदान ५५ अर्ब ४६ करोड ब्यहोर्दा ४ खर्ब९८ अर्ब २६ करोड न्यून हुनेछ।न्यून बजेट पुर्ती गर्न वैदेशिक ऋण २ खर्ब ४२ अर्ब २६ करोड छाअनुदान र ऋणबाट नपुग्ने २ खर्ब५६ अर्ब आन्तरिक ऋणबाट ब्यहोरिने छ । बजेटमा श्रोतको आधार नभएको ५ खर्ब भएको हुँदा पूजीगत खर्चमा छुट्याइएको बजेट कार्यान्वयन हुँदैन ।

चुनावी सरकारले सबै क्षेत्रमा छरलिएको हुँदा अपेक्षित सफलता हात लाग्दैन । बजेटमा चालु खर्च र पूँजिगत खर्चको बढ्दो अन्तराल अर्को चिन्ताको विषय हो । कुल बजेटको ४२ प्रतिशत अर्थात ७ खर्ब ५३ अर्बभन्दा बढी चालु खर्चका लागि छुट्याइएको छ । विकास खर्चका लागि छुट्याइएको रकम ३ खर्ब ८० अर्ब अर्थात् करिब २१ प्रतिशत मात्र छ । १२ खर्ब राजश्वबाटै उठ्ने सरकारको अनुमान महत्वाकांक्षी देखिन्छ । जनसेवामा लाग्ने बाचा गरेर आएकालाई आयकर तथा भन्सार हरुमा अत्यधिक सहुलियत र छुटको व्यवस्था गर्दा सरकारले अपेक्षा गरेको राजश्व संकलन व्यवहारिकरुपमा सम्भव छैन । त्यसैले बजेट कार्यान्वयनमा स्रोतको संकट पर्ने निश्चित छ । बजेटमा नयाँ अवधारणा खासै छैनन् । पुरानै भाषा, पुरानै ढर्रा, पुरानै कार्यक्रमहरुको निरन्तरतामा बजेट आएको छ । समाजवाद ल्याउन भनेर जनयुद्ध लडेका कम्युनिष्ट नेता अर्थमन्त्री छन् भन्ने भान बजेटको एउटा वाक्यांशले पनि दिँदैन । यो बजेटले यदि देशलाई केही दिएको छ भने त्यो निराशा मात्रै हो ।

वितरणमुखी बजेट भएको हुँदा क्षणिकरुपमा धेरैलाई राहत भएको होला । कोही तलव बढेर खुशी होलान् । कसैलाई आयकरको सीमा बढ्दा राहत मिल्यो होला । विभिन्न सहुलियतहरु दिँदा निजी क्षेत्र प्रशन्न होला । तर, यस्तो बजेटले दिर्घकालमा अर्थतन्त्रलाई रसातलमा पुर्याउँछ । सरकारको ढुकुटी रित्याउँछ । बजेटले केही राम्रा कुराहरुलाई समेटेको छ, जसले क्षणिक लोकप्रियता त दिन्छ, तर स्वदेशी अर्थतन्त्रको हित गर्दैन । सेनिटरी प्याडको भन्सार छुट । अहिले लिइँदै आएको भन्सारमा ९० प्रतिशत छुट दिने अर्थमन्त्रीले बताएका छन् । त्यसको मतलव विदेशबाट आयात हुने स्यानिटरी प्याडको मूल्यमा भारी गिरावट आउने छ । यसले नेपाली उत्पादनले विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन हुन्छ ।

आयात निरुत्साहित गर्ने घोषित नीतिसँग स्यानिटरी प्याडको भन्सार घटाउने निर्णय विरोधाभाषपूर्ण छ । नेपालमै उत्पादन गर्दा लाग्ने कच्चा पदार्थको आयातमा पनि भन्सार छुट दिने भनिएपछि विदेशबाट रेडिमेड सामग्रीको आयात प्रोत्साहित गर्न हुँदैनथ्यो । विदेशबाट सस्तोमा आयात गर्न सकिने भएपछि नेपाली उत्पादन निरुत्साहित नै हुन्छन् । बजेटले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको छ । कृषिमा केही नयाँ कार्यक्रम अगाडि सारिएको छ । संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँफो एवं उपयोगविहीन खेतियोग्य जमिन कृषक, कृषक सहकारी समूह तथा कृषक सहकारीलाई लीजमा उपलब्ध गराइने व्यवस्था बजेटले गरेको छ । यो सकारात्मक हो, तर कार्यान्वयन सहज छैन ।

कृषिको रुपान्तरण अभियानमा उत्कृष्टता हासिल गर्ने प्रत्येक प्रदेशका ३ वटा स्थानीय तहलाई ५ करोडका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउने भनिएको छ । संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रमलाई १० अर्ब विनियोजन गरिएको छ । यो कार्यक्रमको रुपरेखा स्पष्ट छैन । कृषि कर्जा उपलब्ध गराउन ५ खर्ब बराबरको कर्जा प्रवाह गर्न एक लघुवित्त कोष स्थापना गर्नेलगायतका केही योजना छन् । चुनावी सरकारले दिर्घकालीन प्रभाव पार्ने कार्यक्रमको औचित्य देखिदैन । नेता र मन्त्री रिझाउने परम्परागत बजेटले कर्मचारीको तलव बढाउने तर जनतालाई ऋण बोकाउने बजेट जनता झुक्याउने काम मात्र हो ।

# दुर्गम चुम्चेतमा बिजुली बत्ती

पोखरापत्र संवाददाता
गोरखा, १५ जेठ

उत्तरी गोरखाको दुर्गम क्षेत्रमा पर्ने चुम्चेतका २७० घरधुरीमा बिजुली बत्ती बलेको छ । चुमनुब्री गाउँपालिका-६ चुम्चेतमा चुम्लिङ, चुम्चेत लघु जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गरी बिजुली बत्ती बाल्न सुरु गरिएको गाउँपालिका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो ।

आयोजनाबाट ७० किलोवाट क्षमताको विद्युत् उत्पादन भएसँगै स्थानीयवासीले बिजुली बत्ती सुविधा पाएका हुन् । दुर्गम क्षेत्रमा उज्यालो अभियान सञ्चालन गरिरहेको कादुरी एग्रीकल्चरल एन्ड एसोसिएशन ब्रिटिस गोर्खाज नेपालको सहयोगमा चुम्चेतका बस्ती बिजुली बत्ती बाल्न सफल भएको उहाँको भनाइ छ ।

चुम्चेतको खोलामा निर्माण गरिएको उक्त आयोजनाबाट स्थानीय चुम्लिङ, चुम्चेत, थार, सिप्चेत, डुम्जो, रेन्अम, यार्चोलगायतका क्षेत्रमा बिजुली बत्ती पुगेको अध्यक्ष लामाले बताउनुभयो । गाउँमै बिजुली बत्ती बाल्न पाएपछि स्थानीय बासिन्दा खुसी भएको उहाँले बताउनुभयो । बिजुली बत्ती नहुँदा बत्ती बाल्न मात्र नभएर कुटानी पिसानीमा दुःख खेप्दै आएका चुम्चेतका स्थानीय बासिन्दाहरूलाई अब सजिलो हुने गाउँपालिका अध्यक्ष लामाले बताउनुभयो । गएको मङ्सिरबाट निर्माण सुरु भएको आयोजना झन्डै सात महिनामा निर्माण सम्पन्न भएको हो ।

# सुशासन र समृद्धिका लागि सरकार प्रतिबद्ध : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सुशासन र समृद्धिका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले युवाशक्तिलाई स्वदेशमै रहने वातावरण सिर्जना गरी रोजगारीसँगै उत्पादन बढाउने र पारदर्शीताका साथ सुशासन कायम गर्न सकेमा मात्र शासन व्यवस्था सुदृढ र प्रभावकारी हुने बताउनुभयो । गण्डकी प्रदेश सरकार स्थापनादेखि नै सुशासन र समृद्धिका लागि प्रतिबद्ध रहेको वक्तव्यमा भनिएको छ ।

विसं २०६२/६३ को आन्दोलन र त्यसअघिका राजनीतिक घटनाक्रमका प्रभावकै कारण नेपालमा २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा गरिएको उल्लेख गर्दै मुख्यमन्त्रीले त्यसैको उपलब्धिस्वरूप अहिले मलुकमा सङ्घीय गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा आएको बताउनुभयो । "पटक/पटकका आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्दै मुलुकलाई समृद्धिको चुलीमा पुऱ्याउनु अहिलेको महत्वपूर्ण जिम्मेवारी हो", सन्देशमा भनिएको छ । भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएको र यही वर्षभित्र प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुने उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले आवधिक निर्वाचन नै लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष रहेको उल्लेख गर्नुभएको छ । संविधानसभामार्फत बनेको संविधान र त्यसैमा टेकेर बनेका तीन तहका सरकारलाई अझ जनमुखी र प्रभावकारी बनाउने सबैभन्दा ठूलो शक्ति नै राजनीतिक दलहरूको प्रतिबद्धता रहेको भन्दै मुख्यमन्त्रीले "कुनै पनि व्यवस्था सफलताको सूचक नागरिक सन्तुष्टि हो । यस सन्दर्भमा नागरिक समाज, निजी क्षेत्र, राजनीति दलसहित सम्पूर्ण देशवासी एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस् भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु ।" भन्नुभएको छ ।

नेपालमा गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा ज्यान गुमाउने ज्ञात अज्ञात सहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले घाइते, अपाङ्गता भएकाहरूको स्वास्थ्य लाभको कामनासहित बेपत्ता हुनेका परिवारजनमा सहानुभूति प्रकट गर्नुभएको छ ।

# अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार कीर्तिमानी आरोही निर्मल पुर्जालाई प्रदान

रासस
काठमाडौं, १५ जेठ

अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार कीर्तिमानी आरोही निर्मल पुर्जा (निम्स) लाई प्रदान गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपाल पर्यटन बोर्डले आइतबार नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजना गरेको १५औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा कीर्तिमानी आरोही पुर्जालाई उक्त पुरस्कार प्रदान गर्नुभएको हो । उक्त पुरस्कार रु एक लाख नगद राशिको रहेको पर्यटन बोर्डका महानिर्देशक तारानाथ अधिकारीले जानकारी दिनुभयो । यसैगरी पर्वतीय पर्यटनमा उल्लेखनीय योगदान गर्ने र विभिन्न कीर्तिमान कायम गर्ने टासीलाक्पा शेर्पा, मिङमायाल्जेन शेर्पा, खिमलाल गौतम र दावा शेर्पालाई रु ५० हजार नगद राशिको तेञ्जिङ हिलारी पुरस्कार प्रदान गरिएको छ । पुरस्कृत आरोहीहरूले आफूले पाएको पुरस्कारबाट सगरमाथा आरोहणमा अझै थप कीर्तिमान कायम गर्न साहस प्राप्त भएको बताएका छन् । आजदेखि सगरमाथामा मानव पाइला राखेको ६९ वर्ष पूरा भएको छ ।

उक्त अवसरको आयोजनामा आइतबार पर्यटन व्यवसायी एवं सरोकारवालाहरूले काठमाडौंको ठमेलदेखि कमलादीसम्म ऱ्याली आयोजनासमेत गरेका थिए ।

# श्रीताल बाराही माध्यमिक विद्यालयको ब्यवस्थापन समितिको अध्यक्षमा पुनः न्यौपाने

पोखरापत्र संवाददाता
पोखरा, १५ जेठ

पोखरामा महाहनगर पालिका वडा ६ बैदाममा अवस्थित श्री ताल बाराही माध्यमिक विद्यालयको ब्यवस्थापन समितिको अध्यक्षमा पुन कृष्ण प्रसाद न्यौपाने चयन भएका छन ।

आइतबार बसेको बिद्यालय ब्यवस्थापन समितिको बैठकले न्यौपाने लाई आगामी ३ बर्षका लागि अध्यक्षमा सर्वसम्मत चयन गरेको छ । नौ सदस्यी नयाँ कार्यसमितिमा वडा प्रतिनिधि बासुदेव बराल, अभिभावकहरुबाट सदस्यहरुमा गिरीराज अधिकार ी,बालकृष्ण मल्ल र रमा अधिकारी रहेका छन, तेसै गरि वडा शिक्षा समितिबाट तेजनाथ न्यौपाने र शिक्षक प्रतिनिधिमा देवी कुमारी के.सी नियुक्त भएका हुन । एक सदस्य पछी बिद्यालयले मनोनित गर्ने गरि ९ सदस्य नयाँ विद्यालय ब्यवस्थापन समिति गठन गरिएको विद्यालयका प्रअ तारा प्रसाद पोखरेलले जानकारी दिनु भएको छ । नव नियुक्त पदाधिकारीहरुलाई आइतबार नै पदस्थापन गरिएको थियो । नव नियुक्त अध्यक्ष न्यौपानेले 'आफ्नो कार्यकालमा विद्यालयको शैक्षिक गुणस्तर सुधारका साथ आर्थिक तथा भौतिक उन्नतिका लागि प्रयत्नशिल रहने' बताउनु भयो । प्रधानध्यापका पोखरेलले "नव निर्वाचित ब्यवस्थापन समितिले विद्यालयलाई कास्की जिल्लाकै नमुना विद्यालय बनाउनेमा आफु विश्वस्त" रहेको बतानु भएको छ ।

# ६८ वर्षदेखि वृद्धभत्ता पाउने

रासस
काठमाडौं, १५ जेठ

सरकारले आर्थिक वर्ष २०७९/८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)मा सामाजिक सुरक्षाअन्तर्गत वृद्धभत्ता ६८ वर्षदेखि नै पाउने व्यवस्था गरेको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री जनार्दन शर्माले पेश गर्नुभएको आगामी आवको बजेटमा यसअघि ७० वर्षदेखि वृद्धभत्ता पाउने व्यवस्थालाई संशोधन गर्दै ६८ वर्षदेखि नै पाउने व्यवस्था गरेको उल्लेख छ । सामाजिक सुरक्षाअन्तर्गत वृद्धवृद्धाहरूले मासिक रु चार हजार पाउँदै आएका छन् । अर्थमन्त्री शर्माले सामाजिक सुरक्षा भत्ता नलिने स्वघोषणा गर्ने व्यक्तिलाई सरकारले सम्मान गर्ने बताउनुभयो ।

# कर्मचारीको तलबमा १५ प्रतिशतले वृद्धि

रासस
काठमाडौं, १५ जेठ

अर्थमन्त्री जनार्दन शर्माले आज प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा राष्ट्रसेवक र कर्मचारीको विद्यमान तलबमानमा १५ प्रतिशतले वृद्धि गरिएको छ ।

निजामती, सेना, प्रहरी, शिक्षकलगायत राष्ट्रसेवक कर्मचारीलाई उत्प्रेरित गरी सेवाभाव उच्च राख्न विद्यमान महँगी भत्ता कायम राखी तलब वृद्धि गरिएको हो । सो तलब आगामी साउन १ गतेदेखि लागू हुनेछ ।

बजेटमा सङ्घीय निजामती सेवा ऐन निर्माण गरिने, प्रशासनिक खर्च कटौती, प्रशासनिक पुनःसंरचना गरिने, सुशासन र सेवा प्रभावकारिता बढाइने पनि उल्लेख गरिएको छ ।

# सम्पर्कविहीन वायुयानको खोजी कार्य भइरहेको छ : तारा एयर

रासस
काठमाडौं, १५ जेठ

तारा एयरले सम्पर्कविहीन वायुयानको खोजी कार्य भइरहेको जनाएको छ ।

तारा एयरले आइतबार एक विज्ञप्ति जारी गरी आइतबार बिहान ९:५५ बजे पोखराबाट जोमसोम उडेको तारा एयरको ९ एन-एटी-डिएचसी-६ ट्विनअटर वायुयान सम्पर्कविहीन भएको भन्दै उक्त वायुयानको खोजी कार्य भइरहेको जनाएको हो । सम्पर्कविहीन भएको विमान अन्तिम पटक जोमसोम टावरसँग १०:०७ बजे घोडेपानी भन्ने स्थानमा सम्पर्कमा आएको र सोपश्चात् सम्पर्कविहीन भएकाले खोजी कार्य भइरहेको जनाएको छ । सम्पर्कविहीन वायुयान खोज्न जोमसोमबाट हेलिकप्टर पठाइए पनि प्रतिकूल मौसमका कारण उक्त हेलिकप्टर पुनः जोमसोम फर्किएको विज्ञप्तिमा उल्लेख छ । उक्त वायुयान खोजी तथा उद्धारका लागि काठमाडौं, पोखरा तथा जोमसोम विमानस्थलमा हेलिकप्टरहरू तयारी अवस्थामा राखिएको र मौसम सुधार हुनासाथ खोजी कार्य पुनः सुरु गरिने तारा एयरले जनाएको छ ।

यस्तै, नेपाली सेना, नेपाल प्रहरी र तारा एयरको उद्धार टोली स्थलमार्गमार्फत सम्भावित घटनास्थलसम्म गइरहेको बताइएको छ । उक्त वायुयानमा चालक दलका तीन सदस्य, दुई जर्मन नागरिक, चार भारतीय नागरिक र १३ जना नेपाली गरी जम्मा २२ जना सवार रहेको सो एयरलाइन्सले जनाएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ !
सबै जना विलिन हुने माटो एउटै रहेछ !!

# हार्दिक समवेदना



जन्मः
वि. स. १९९३/०९/०४ गते

स्वर्गारोहणः
वि.स. २०७९/०१/ २६ गते

**स्वः सुबेदार डिल बहादुर गुरुङ**

स्याङ्जा जिल्ला साविकको बहाकोट गा.वि.स. वडा नं. ९ तदानुसार पुतलीबजार नगरपालिका वडा नं. ८ काउले घर भई हाल पोखरा महानगरपालिका वडा नं. १५ शान्ति मार्ग निवासी यस कोल्मा बहाकोट तमु समाज पोखराको सचिव श्रीमती कमला तमुस्योकी पुजनीय ससुरा बुबा तथा 1/4th गोर्खा राईफल्स् (जेठी) भू.पू. सैनिक संघ पोखराको वरिष्ठ जेष्ठ सदस्य **सुबेदार डिल बहादुर गुरुङ** सहावको ८६ वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । उहाँको जेष्ठ पुत्र किर्तन गुरुङको यस अगावै दिवंगत भएको र स्व. सहावको २२ औं दिनको पुण्यतिथिमा दुवै जना बुबा छोराको पितृपूजा (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सु. राम प्रसाद गुरुङ** — सचिव
तथा
**क्या. गम बहादुर गुरुङ** — अध्यक्ष

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) भू.पू. सैनिक संघ पोखरा**

